# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, असार १७ गते २०३१ साल [अतिरिक्ताङ्क १४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

श्री ५ महाराजाधिराजबाट माननीय मन्त्री श्री ज्ञानेन्द्रबहादुर कार्कीलाई अर्थ तथा परराष्ट्र मन्त्रालयहरूको कार्यभार सम्हाल्न लगाइबक्सेकोमा अब उप्रान्त अर्थ मन्त्रालयको कार्यभार माननीय राज्यमन्त्री डा. भेषबहादुर थापालाई सुम्पिबक्सेको छ ।

हुकुमबक्सेबमोजिम
कल्याणविक्रम अधिकारी
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

श्री ५ महाराजाधिराजबाट महाकाली अञ्चलका अञ्चलाधीश श्री लक्ष्मीराजभक्त नेपालीलाई अञ्चलाधीश पदको कार्यभारबाट मुक्त गरिबक्सी नेपालको संविधानबमोजिम उक्त अञ्चलाधीश पदमा श्री गणेशमान श्रेष्ठलाई नियुक्त गरिबक्सेको छ ।

हुकुमबक्सेबमोजिम
कल्याणविक्रम अधिकारी
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

९६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।